# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

## सवारी साधन आपूर्ति सम्बन्धी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति : २०७३/१०/२७)

यस आयोगलाई आवश्यक निम्न सामान आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र/दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र/दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मितिसम्म फर्म/सँस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस आयोगको सामान्य प्रशासन शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई(फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. बोलपत्र/दरभाउपत्र तपसिलमा उल्लेखित मिति र समयभित्र यस आयोगको सामान्य प्रशासन शाखामा सिलबन्दी गरी दर्ता वा e-submission गराई सक्नु पर्नेछ । बोलपत्र/दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाललाई सम्बोधन गरी आफूले आपूर्ति गर्न चाहेको सामान सहित बोलपत्र/दरभाउपत्रको ठेक्का नं. समेत स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

३. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु तपसिलमा उल्लेखित मिति र समयमा आयोगको सामान्य प्रशासन शाखामा उपस्थित फर्म/कम्पनीका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**तपसिल**

| | | | बोलपत्र/दरभाउपत्र | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि नं | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने सामानको विवरण | फाराम दस्तुर रु. | जमानत रकम रु. | जमानतको मान्य अवधि | फाराम खरिद गर्ने मिति र समय | दर्ता गर्ने मिति, समय र प्रक्रिया | खोलिने मिति र समय |
| १. | CIAA-NCB-01/2073-074 | 4 WD Diesel Jeep आपूर्ति गर्ने | ५,०००।- | १७,००,०००।- | दर्ता गर्ने अन्तिम मिति बाट कम्तिमा १२० दिन | सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयसम्म | सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र सिलबन्दी दर्ता वा e-submission मध्ये कुनै एक । | सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २:०० बजे |
| २. | CIAA-NCB-02/2073-074 | 120 to 125 cc मोटरसाइकल आपूर्ति गर्ने | ३,०००।- | १,९०,०००।- | | | | |
| ३. | CIAA-SQ-01/2073-074 | 113 to 125 cc स्कुटर आपूर्ति गर्ने | १,०००।- | २०,०००।- | दर्ता गर्ने अन्तिम मिति बाट कम्तिमा ७५ दिन | सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म | सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र सिलबन्दी दर्ता । | सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २:०० बजे |

४. बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस आयोगको नाममा "क" बर्गको बाणिज्य बैंकबाट जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेलस्थित धरौटी खाता नं. ११००२०३ (यस आयोगको कार्यालय कोड नं. २७२०६०१) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्र/दरभाउपत्रसाथ देहायका प्रमाणित कागजात पेश गर्नुपर्नेछ:
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७२।०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि (ङ) बोलपत्रदाता फर्म/कम्पनीको Power of Attorney Letter (च) Manufacturer's Authorization Letter ।

६. बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ ।

७. यसै सूचनाको दफा ५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातादाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. कुनै वा सबै बोलपत्र/दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार आयोगमा निहित रहने छ ।

९. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र आयोगको सामान्य प्रशासन शाखा (फोन नं. ४४४०१५१) मा सम्पर्क राख्न सकिनेछ ।

१०. e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि :

(क) e-bidding मा भाग लिन इच्छुक बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np मा login गरी प्राप्त निर्देशन अनुसार बोलपत्रमा भाग लिन सक्नेछन् ।

(ख) बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र Scan गरी PDF Format मा Upload गरिसक्नु पर्नेछ । साथै यस सूचनाको दफा ५ बमोजिमका कागजातहरुको scanned copy बोलपत्रसाथ upload गर्नुपर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

(ग) बोलपत्र फाराम दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेलस्थित राजश्व खाता नं. ११००१ (राजश्व शीर्षक नं. १४२२७ र यस आयोगको कार्यालय कोड नं. २७२०६०१) मा नगदै जम्मा गरेको भौचरको scanned copy बोलपत्रसाथ upload गर्नुपर्नेछ ।

(घ) बोलपत्र जमानत तथा बोलपत्र फाराम दस्तुर वापत राजश्व बुझाएको बैंक भौचरको सक्कलै प्रति, यस सूचनाको दफा ५ बमोजिमका कागजातहरु र Complete Bidding Document को Hard Copy बोलपत्र खोलेको मितिले ७(सात) दिनभित्र बोलपत्रदाताले अनिवार्य रुपमा आयोगमा पेश गर्नु पर्नेछ ।